दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३७ | अंक ३४१ | बुटवल | २०८२ पौष ०६ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday December 21, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# संसद ब्युँताउने कसरतमा कांग्रेस-एमाले तयारी तीव्र

**नेपाली कांग्रेसको गगन थापा पक्ष र नेकपा एमालेमा पनि ईश्वर पोखरेल पक्ष संसद पुनर्स्थापनाभन्दा चुनावमा जानुपर्ने पक्षमा छन् ।**





**लुम्बिनी संवाददाता**

*बुटवल*

सरकार फागुन २१ मा चुनाव गराउने तयारीमा लागिरहँदा भदौ २३ र २४ को जेन जी आन्दोलनले सरकारबाट सडकमा पुगेका दुई ठूला दलहरू भने संसद् पुनर्स्थापना गराउने रणनीतिमा लागेका छन् । विघटित संसदको पहिलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले प्रतिनिधि सभा ब्युँत्याउने कसरतअनुसार विघटित प्रतिनिधि सभाका सदस्यहरूको हस्ताक्षर संकलन गरिरहेका छन् । बहुमत सांसदको हस्ताक्षर सर्वोच्च अदालतमा बुझाउने दुवै दलको तयारी छ । यद्यपि नेपाली कांग्रेसको गगन थापा पक्ष र नेकपा एमालेमा पनि ईश्वर पोखरेल पक्ष संसद पुनस्थापनाभन्दा चुनावमा जानुपर्ने पक्षमा छन् । कांग्रेस-एमालेले प्रतिनिधिसभामा बहुमत १३८ सांसदको हस्ताक्षर अदालतमा बुझाउने तयारी गरेर एमालेले ७८ सांसदकै हस्ताक्षर संकलन गरिसकेको छ । तर हस्ताक्षर बुझाउने कुरामा कांग्रेसभित्र एक मत छैन । कांग्रेसका ८९ सांसद रहे पनि महामन्त्री गगन थापा पक्षधर सांसदहरू हस्ताक्षर गर्न मानिरहेका छैनन् ।

यो पक्षका सांसदले हस्ताक्षर नगरे मधेसवादी दलका सांसदको हस्ताक्षर बुझाउने तयारी दुई दलको छ ।

'हामी आफ्ना सांसदको त हस्ताक्षर बुझाउँछौं नै । त्यसमा अरु दलका सांसदहरूलाई पनि थप गर्न सकिन्छ कि भनेर छलफल गरिरहेका छौं । अरु दलहरूले पनि सहभागी हुन्छौं भन्नु भएको छ । त्यसो भए हामीलाई बलियो बनाउनेछ,' एमालेकी निवर्तमान सांसद सुनिता बरालले भनिन्- 'अदालतले पेसी तोकेको दिनभन्दा पहिले पहिले नै यो सबै हामी बुझाउने छौं ।'

एमालेका तर्फबाट निवर्तमान प्रमुख सचेतक महेश बर्तौला र सचेतक सुनिता बरालले सर्वोच्च अदालतमा मंसिर १० गते रिट दायर गरेका थिए । सर्वोच्च अदालतले प्रारम्भिक सुनुवाइपछि राष्ट्रपति, प्रधानमन्त्रीसहितका विपक्षीहरूसँग लिखित जवाफ माग गरेको छ ।

नेकपा एमाले कानुन विभागका उपप्रमुख धर्मराज रेग्मीले एमालेले एक ढिक्का भएर निर्णय गरिसकेको र कांग्रेसले पनि धेरै सांसदको हस्ताक्षर जुटाएर गए अदालतले मनोविज्ञान बुझ्ने दाबी गरे ।

यस्तै, कांग्रेसको तर्फबाट विघटित प्रतिनिधि सभाका प्रमुख सचेतक श्यामकुमार घिमिरेसहित ७ जना सांसदले छुट्टै रिट दायर गरेका थिए । कांग्रेसले पनि सर्वोच्च अदालतमा बुझाउन आफ्ना सांसदको हस्ताक्षर संकलन गरिरहेको घिमिरेले बताए ।

कांग्रेसको रिटमा पुस २ गते प्रारम्भिक सुनुवाइ भएको छ । संवैधानिक इजलासले विपक्षीलाई १५ दिनभित्रमा लिखित जवाफ पेस गर्न भनिसकेको छ ।

दुवै दल संसद् पुनर्स्थापना हुनेमा आशावादी देखिएका छन् ।

संसद् पुनर्स्थापना भए सर्वपक्षीय सरकार बनाउनु पर्ने एमालेको माग छ । जसमा राजनीतिक दल, त्यसबाहिरका शक्तिलाई पनि समेट्नु पर्ने र त्यो सरकारको नेतृत्वमा एमालेले दाबी नगर्ने बरालले बताइन् । त्यसपछि निर्वाचनको नयाँ मिति तोकेर अगाडि बढ्ने एमालेको प्रस्ताव छ ।

कांग्रेस र एमालेले ४२ सांसद (विघटित) रहेको नवगठित नेपाली कम्युनिस्ट पार्टीसँग भने कुनै छलफल गरेका छैनन् । दुवै दलले आफूहरूसँग संसद् पुनर्स्थापनाका लागि औपचारिक सल्लाह नगरेको नेता राजेन्द्र पाण्डेले बताए ।

सर्वोच्च अदालत बार एसोसियसनका पूर्वअध्यक्ष पूर्णमान शाक्यले भने दलहरूको छुट्टै निवेदन र सांसदको हस्ताक्षरले कुनै अर्थ नराख्ने बताए । पहिले पनि कांग्रेस, एमालेकै सरकार रहेको र उनीहरूले बहुमत प्राप्त दलहरूले रिट हालेको सन्देश दिन खोजेको स्मरण गर्दै शाक्यले सर्वोच्चले संसद् विघटन संवैधानिक कि असंवैधानिक भन्ने हेर्ने बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका नेता शिशिर खनालले भने रास्वपा सुरुदेखि नै चुनाव हुनुपर्छ भन्नेमा दृढ रहेको र चुनावले नै अहिलेको राजनीतिक अस्थिरताको अन्त्य गर्ने दाबी गरे ।

जेनजीको विद्रोहपछि आएको विशेष राजनीतिक परिस्थितिमा संसद् पुनर्स्थापनाले अर्को अन्योलतिर लैजाने उनको भनाइ छ ।

'कांग्रेस-एमालेले माग्दैमा संसद् पुनर्स्थापना हुँदैन । अर्को आन्दोलनको चक्रतिर लान्छ । पश्चगमनको बाटोमा देश जान सक्छ । यो सबै परिस्थिति हेर्दा चुनाव समयमा हुनुपर्छ । लोकतन्त्रको उत्तम विकल्प भनेको वैधता गुमाइसकेपछि नयाँ फ्रेस म्यान्डेटमा जानुपर्छ भन्ने नै हो ।'- खनालले भने ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले भने संसद् पुनर्स्थापना र निर्वाचन दुवैले अहिलेको समस्या पार नलाग्ने बताए ।

संसद् पुनर्स्थापना भए संसदमा बसेरै आफ्नो कुरा उठाउने कि सडकमा जाने भन्ने त्यतिबेलै निर्णय गर्ने उनको भनाइ छ ।

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा रहेको दुई ठूला दलको सरकार ढलेको थियो । भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन भएको पुस ५ गते १०० दिन पुगेको छ । प्रधानमन्त्रीमा कार्कीको नियुक्ति र संसद् विघटन बदर माग गर्दै दुई ठूला दलसहित डेढ दर्जन रिट सर्वोच्चको संवैधानिक इजलासमा विचाराधीन छन् ।

## नेपालमा सरकार बनाउने र ढाल्ने विदेशी हुन् : हर्क




बुटवल । श्रम संस्कृति पार्टीका संयोजक हर्क राई (साम्पाङ) ले नेपालको सरकार विदेशीले बनाइदिने र ढालिदिने अवस्था रहेको टिप्पणी गरेका छन् । शनिबार बुटवलमा श्रम संस्कृति पार्टी रुपन्देहीले आयोजना गरेको आमसभामा बोल्दै धरान उपमहानगरका मेयर समेत रहेका राईले सानादेखि ठूला आयोजनाका लागि विदेशबाट ऋण मागेर लिएर काम गर्नुपर्ने अवस्थाका कारण विदेशीले हेप्ने गरेको बताए । 'सानो सडक, पुल, खानेपानी जे सुकै बनाउन पनि विदेशीसँग ऋण माग्ने परिपाटीले नेपाल माग्नेहरुको देश भन्ने छाप परेको छ,' राईले भने-'यही कारण विदेशी हस्तक्षेप बढेको छ, राष्ट्रियता कमजोर बनेको छ ।'

उनले गफ गरेर र विदेशबाट ऋण ल्याएर मात्र देश बन्न नसक्ने भन्दै हप्तामा ६ दिन आफ्नो लागि र एकदिन देशको लागि श्रमदान गर्नुपर्ने बताए । चीन, जापान, कोरियालगायतका देशहरु जनताको श्रमबाट नै विकसित र समृद्ध भएको उल्लेख गर्दै उनले ती देशबाट नेपालीले सिक्नुपर्ने बताए ।

'नेपालमा गफ गरेर दिन बिताउने, परिवारको एकजनाले काम गर्ने अरु बसेर खाने परपाटी छ, सबैले काम गर्नु पर्छ,एक जनाको कमाईले हुँदैन ।'- राईले भने ।

पार्टी संयोजक साम्पाङले चुनाव जितेर सरकारको नेतृत्व गरेपछि एक रुपैयाँ भ्रष्टाचार गरेको प्रमाणति भए देश छाडेर शरणार्थी बन्न तयार भएको बताए ।

## निर्वाचन बिथोल्ने काम नहोस् : प्रचण्ड

बुटवल । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक निर्वाचन बिथोल्ने काम नगर्न चेनावती दिएका छन् ।

काठमाडौँको भृकुटीमण्डपमा आयोजित एकता सन्देश सभालाई सम्बोधन गर्दै प्रचण्डले निर्वाचन नै सहज विकल्प भएको बताए । 'फागुन २१ को निर्वाचन फागुन २१ मै हुनुपर्छ । निर्वाचन नै अब देशको सबभन्दा सहज बाटो हो,' प्रचण्डले भने-'निर्वाचन बिथोल्ने काम कसैले नगरोस् ।'

पूर्वदेखि पश्चिमसम्म एकता सन्देश सभाका क्रममा जनता पनि निर्वाचनका लागि तयार भइरहेको पाएको उनको भनाइ थियो ।

नेकपा (एमाले)का नेताहरूले बाहिर संसद् पुनर्स्थापनाको माग गरे पनि भित्रभित्रै चुनावी तयारी गरिरहेको प्रचण्डले बताएका छन् । नेकपाको एकता सन्देशसभाका क्रममा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म पुग्दा आफूले जनता र नेता चुनावको तयारीमा लागेको पाएको बताए । नेकपासहित प्रमुख राजनीतिक दल पनि चुनावी तयारीमा लागिसकेको उनको भनाइ थियो ।

संसद् पुनर्स्थापनाक लागि सर्वोच्च अदालतमा परेका मुद्दालाई लिएर चुनाव नहुने हो कि भन्ने चिन्ता नगर्न आग्रह गर्दै प्रचण्डले भने-'नेपाली कांग्रेसको संस्थागत निर्णय चुनावमा जाने नै छ । हामीले त सुरुदेखि नै चुनावको विकल्प छैन भनेका छौं ।'

एमाले पनि चुनावी तयारीमा लागिरहेको उनले सुनाए । संसद् पुनर्स्थापनाका लागि सर्वोच्चमा मुद्दा हाले पनि एमाले चुनावी तयारीमा जुटेको बताउँदै प्रचण्डले भने-'एमालेले बाहिर जेसुकै बोले पनि भित्रभित्रै निर्वाचनको तयारी गरिरहेको छ ।'

सरकारले पनि फागुन २१ मै चुनाव गर्ने गरी अघि बढ्नुपर्ने उनको भनाइ थियो । चुनाव सार्दा देश झन संकटनमा पर्ने उनले जिकिर गरे । अहिलेको समस्याको समाधान चुनाव नै भएको उनको भनाइ थियो ।

'निर्वाचन सारियो भने देश दुर्घटना पर्छ । अबको दुर्घटनामा नेपाली कम्युनिस्ट पार्टी रमिते हुनेछैन,' प्रचण्डले भने-'नयाँ आन्दोलनको, विद्रोहको झण्डा बोकेर आउनेछ ।'

## देश परिवर्तन गर्न राजनीतिमा : कुलमान

बुटवल । उज्यालो पार्टी नेपालका संरक्षक कुलमान घिसिङले आफूहरू राजनीति गर्न नभएर देश परिवर्तन गर्न आएको बताएका छन् । चितवनमा शनिबार जिल्लास्तरीय भेलालाई सम्बोधन गर्दै घिसिङले देश परिवर्तन गरेर छाड्ने बताए । 'हामी राजनीति गर्न आएको होइन, देश परिवर्तन गर्न आएको हौं ।'- उनले भने ।

राजनीति र नेतृत्व फरक कुरा रहेको उल्लेख गर्दै देशलाई परिवर्तन गर्न जरुरी भएको घिसिङको भनाइ थियो । उनले नेपालमा जुन किसिमको राजनीति छ त्यो राजनीति गर्न आफू राजनीतिक दल खोलेर नआएको बताए ।

'राजनीति र नेतृत्व फरक छ । देशलाई परिवर्तन गर्न आएको हो । जुन किसिमको राजनीति नेपालमा छ, त्यो राजनीति गर्न आएको होइन, त्यो बाटोमात्रै समातेको हो ।'- उनले भने ।

देशमा परिवर्तन, सुशासन र समृद्धि नहुँदा अघि बढ्न नसक्ने उनको भनाइ थियो। त्यसका लागि आफू जनताको सेवा गर्न आएको उनले बताए ।

'देश परिवर्तन भएन, देशमा सुशासन भएन, देश समृद्ध भएन भने देश कहिल्यै पनि अघि बढ्दैन,' घिसिङले थपे-'हामी देश परिवर्तन गर्ने नेतृत्व दिन आएका हौं । देशको शासक बन्न आएको होइन । आम नेपाली जनताको सेवक बन्न आएका हौं ।'

## पार्टीमा काखापाखा र आत्मसमर्पण मञ्जुर छैन : ईश्वर पोखरेल



बुटवल । नेकपा (एमाले)का नेता ईश्वर पोखरेल पार्टीभित्र विभाजनलाई अस्वीकार गर्दै आत्मसमर्पण पनि मञ्जुर नहुने बताएका छन् ।

एमालेको एघारौं महाधिवेशनपछि आयोजित आफ्नो पक्षका नेता तथा कार्यकर्ताको शनिबार आयोजित भेलालाई सम्बोधन गर्दै पोखरेलले अध्यक्ष केपी शर्मा ओलीको भनाइप्रति असन्तुष्टि जनाए । ओलीको आफू नै एमाले हो भन्ने भनाइ उचित नभएको उनले बताए ।

अध्यक्ष ओलीलाई प्रश्न गर्दै पोखरेलले भने-'म जे बोल्छु, त्यहीँ हो एमाले भनेको सुन्दा नि आङ सिरिङ हुन्छ । म भएन भने एमाले हुन्न, यो के भनेको हो ?' उनले पार्टीलाई एकताबद्ध बनाएर अघि बढ्नुपर्ने बताए । 'विभाजन अस्वीकार गर्छौं, तर आत्मसमर्पण पनि मन्जुर छैन ।'- पोखरेलले भने । नेतृत्वले आफ्ना कमिमजोरी स्वीकार नगरेमा कम्युनिस्ट पार्टी नै सकिने उनको भनाइ थियो । 'आफ्ना कमजोरी स्वीकार नगरे कम्युनिस्ट पार्टी सकिन्छ ।'- उनले भने । पोखरेलले विचारको लडाइँ जारी रहेको बताए । उनले एघारौं महाधिवेशनमा गरेको प्रतिस्पर्धालाई इंगित गर्दै उनले भने-'यो सुरुवात हो । अब यसले निरन्तरता पाउछ। विचार र विधिको लडाइँ जारी रहन्छ ।'पोखरेल पक्षको भेलाले महाधिवेशनमा आफूहरूले उठाएका मुद्दाहरूलाई निरन्तर उठाउने निर्णय गरेको छ ।

शनिबार काठमाडौंमा बसेको सो पक्षको भेलाले पार्टीको पुनर्गठन, नेतृत्व हस्तान्तरण, जबजको आधारमा पार्टी निर्माण, आन्तरिक लोकतान्त्रिकरण लगाएतका मुद्दालाई पार्टीको विधि विधानभित्र बसेर निरन्तर उठाउने निर्णय गरेको एमाले उपसहासचिव योगेश भट्टराईले जानकारी दिए ।'हामीले उठाएका विचारहरूलाई पुनर्गठन, नेतृत्व हस्तान्तरण, जबजको आधारमा पार्टी निर्माणलगायतका विषयलाई विधि र विधानभित्र बसेर निरन्तर उठाउने निष्कर्ष निकालेका छौं ।'-उनले भने ।उनले पार्टीको मतपरिणामका कारण बिचलित नहुन नेताहरूलाई आग्रह गरिएको र पार्टीलाई थप एकता र सुदृढ बनाउन भूमिका खेल्ने अठोट गरिएको धारणा राखे ।

प्रतिनिधि छनोटदेखि बन्दसत्र सञ्चालनभित्र भएका क्रियाकलापले पार्टीको लोकतान्त्रिक अभ्यासमाथि गम्भीर प्रश्न उठाएको र पार्टी संरचनाको दूरुपयोग भएको भन्दै उनले लोकतान्त्रिक अभ्यासलाई अस्वस्थ बनाउने काम भएकोप्रति चिन्ता व्यक्त गरिएको बताए ।'लोकतान्त्रिक प्रतिस्पर्धा कति स्वस्थ र मर्यादित भयो भन्ने सबैले देखेकै छ । प्रतिनिधि छनोटदेखि बन्दसत्रसम्म भएका थुप्रै क्रियाकलापले हाम्रो पार्टीको लोकतान्त्रिक अभ्यासमाथि गम्भीर प्रश्न उठाएको छ। पार्टी संरचनाको दुरुपयोग गरिएको छ ।'- उनले भने ।

भट्टराईले पार्टीभित्र गुटबन्दी र काखापाखा गर्ने प्रस्ताव आए प्रतिवाद गर्ने निर्णय गरिएको जानकारी दिए । 'पार्टीभित्र पक्षपात, गुटबन्दी, विभाजन, काखापाखा गर्ने प्रस्ताव आए भने हामी पार्टी संगठनभित्र बसेर प्रतिवाद गर्छौं ।'- भट्टराईले भने ।




## सम्पादकीय

# एमाले महाधिवेशनले दिएको सन्देश

जेनजी आन्दोलनपछि केपी ओलीको नेतृत्वप्रति प्रश्न उठाउँदै हमला भइरहेका बेला महाधिवेशनले पुनः अध्यक्षमा निर्वाचित गरेको छ। महाधिवेशनले ओलीलाई अध्यक्षमा निर्वाचित गरेको नभई उनको टिमका अधिकांश चुनिएका छन् । जेनजी आन्दोलनबाट सत्ता बहिर्गमनमा परेका ओलीलाई पार्टीको नेतृत्व छाड्न दबाब परिरहेका बेला महाधिवेशनले पुनः अध्यक्षमा निर्वाचित गरेर ओली आजको एमालेको लागि आवश्यक छन् भन्ने सन्देश दिएको छ।

ओली तेस्रो कार्यकालका लागि अध्यक्षमा निर्वाचित भए । चार वर्षअघि चितवनमा भएको दसौँ महाधिवेशनबाट चुनिएको नेतृत्वका लागि काम गर्न अझै एक वर्ष समय बाँकी थियो, तर जेनजी आन्दोलनपछि महाधिवेशन गरी नेतृत्व हस्तान्तरण गर्न पार्टीभित्रको एउटा खेमाले दबाब दिइरहेपछि समय अगावै महाधिवेशन भयो । संविधान निर्माणका क्रममा अनेकौ दबाबको सामना गरेर संविधान निर्माणमा उनको भूमिका महत्वपूर्ण छ।

भारतीय नाकाबन्दीको सामना गरी राष्ट्रिय स्वाधीनताको पक्षमा उनले राखेको दृढ अडानले एमालेकै छविलाई उच्च बनायो । लिपुलेक समेत समेटिएको चुच्चे नक्शा जारी गरेर दिएको सन्देश हो, हामी आफ्नो भूमि एक इञ्च पनि छाड्दैनौं । त्यही भूमिका लागि चीन भ्रमणका क्रममा राष्टपछि सी चिनफिङसँग प्रष्ट धारणा राखे,– लिपुलेक हाम्रो भूमि हो, त्यसका लागि चिनियाँ सहयोग आवश्यक छ । राष्ट्रियताप्रति प्रष्ट अडान राख्ने ओली आखिर मुलुकभित्र र बाहिर किन घेराबन्दीमा परे ? यो प्रश्नको उत्तर खोज्न कठिन छैन। कतिपय उनका स्वभावगत कमजोरी छन्, जो उनी नै बेलाबखत स्वीकार गर्छन्। उनी हठी छन्, समन्वयकारी छैनन्। विरोधीप्रति एकैपल्ट फायर खोल्छन् ।

उनको यही स्वभावकै कारण कतिपय अवस्थामा उनी आफैँ र पार्टी पनि अप्ठारोमा परेको छ। कमजोरीलाई हटाउन थोरै मिहिनेत गर्ने बित्तिकै उनको नेतृत्व अब्बल नै छ। एमाले महाधिवेशनले उनको नेतृत्वलाई अनुमोदन गरेको छ। मुलुकको संकटको सामना गर्न सबल र दृढ नेतृत्व आवश्यक छ। र, त्यो कामको नेतृत्व ओलीले मात्रै गर्न सक्छन् भन्ने पुष्टि महाधिवेशनले गरेको छ।

महाधिवेशनमा नेतृत्व लोकतान्त्रिक प्रक्रियाबाट चुनियो। चितवनमा भएको दसौँ महाधिवेशनले नेतृत्व चयन ओलीले तयार गरेको सुचीलाई अनुमोदन गरी चुनिएको थियो । त्यसैले त्यस बेला चुनिएका पदाधिकारी र केन्द्रीय सदस्यलाई टिके भनेर व्यङ्ग्य गरियो। अहिले केही पदबाहेक अधिकांश पदमा निर्वाचन भएकाले एमालेले लोकतान्त्रिक अभ्यास गऱ्यो।

यो एमालेले भन्दै आएको जनताको बहुदलीय जनवादको उन्नत अभ्यास हो। महाधिवेशनले ओलीसहितको प्यानललाई बहुमत दिएर काम गर्न सहज पारिदिएको छ, पार्टीमा ओलीको पकडलाई अझै विस्तार गरेको छ। यसको साथै उपाध्यक्षमा गोकर्ण विष्ट र उप-महासचिवमा योगेश भट्टराई निर्वाचित भएका छन्, जो ओलीले नेतृत्व हस्तान्तरण गर्नुपर्ने भन्दै दबाब दिँदै आएका नेता हुन्। पदाधिकारीमा उनीहरुको चयन फरक मतलाई पनि महाधिवेशन प्रतिनिधिहरुले सम्मान गरेका छन्।

अब एमालेको आन्तरिक जीवनलाई तन्दुरुस्त बनाउन पार्टीलाई लयमा हिडाउन थुप्रै चुनौती छन्। ती चुनौतीको सामना गर्न सक्ने सार्मथ्य ओलीसँग छ, त्यो सार्मथ्य जुटाउनका लागि उनले वैचारिक रणनीतिकार शंकर पोखरेल महासचिवमा चुनिएका छन् । पोखरेलले निरन्तर ओलीको नेतृत्व निर्विकल्प भन्दै वकालत गरे । बदलिदो परिवेशमा मुल धारका राजनैतिक दलप्रति नागरिकका तमाम प्रश्न उठ्दा एमाले पनि अलग रहन सक्तैन् । ती प्रश्नलाई किनारा लगाएर अब्बल एमाले बनाउन सक्दा मुलुकको लोकतान्त्रिक प्रणालीलाई संस्थागत गर्न बल पुग्नेछ।

# स्वर्ग जस्ता गाउँ रित्तिँदै






**नन्दकृष्ण जोशी**

कुनै बेला पुरास (भोट) जान बझाङ र दार्चुलाको उत्तरी सीमा पार गर्नु पर्थ्यो । पुर्खाहरू १२/१४ दिन नाक छुने उकालो पैदल हिँडेर भोट पुग्थ्ये । नुन र उनको गरुङ्गो भारी बोकेर झन्डै एक महिनाको पैदल हिँडाइपछि घर पुग्थ्ये। पाल्नु चेलो हाट (झुलाघाट, टनकपुर, मण्डी) फाल्नु चेलो भोट भन्ने कथन थियो त्यस बेला। समयले कोल्टे फेऱ्यो। अहिले त्यस्तो छैन। माल (तराई) बाट हिमालको फेदीसम्म पुग्न मानिस गाडीको यात्रा गर्छन् । दिनहुँ माल (तराई) का गाडी बझाङ, बाजुरा, डोटी, अछाम, दार्चुला, बैतडी पुग्ने गर्छन् । विगत २५ वर्षदेखि सङ्घीय राजधानी काठमाडौँबाट बझाङ, बाजुरासम्म पुग्न गाडीको सिधा व्यवस्था भएकाले यात्रु दुई रात एक दिनमा गन्तव्यमा पुग्ने गर्छन्। ३५ सय गाडी भाडा तिरेर घर पुगिने सो रात्रि र दिवा सेवाको यात्रा भने त्यति सहज छैन।

कैलालीको धनगढीबाट पहाडी जिल्ला पुग्नका लागि कैलालीको गोदावरी भएर जानु पर्छ । जब उकालो लाग्छौँ, भावर प्रदेशमा उकुसमुकुस भएका यात्रु आनन्दको अनुभूति गर्छन्। रमणीय जङ्गल, नागबेली सडक, ठाउँ ठाउँमा यात्रुका लागि स्थापना गरिएका होटल, स्वादिलो खाना, बझाङ्गी, डोटेली शैलीका भाषा, सच्चाइको व्यवहारले सुदूरपश्चिमको प्रारम्भिक संस्कृति झल्किने गर्छ माटोमा। पहाडी जिल्लामा कुनै बेला काठमाडौँबाट सिधा हवाई सम्पर्क थियो । विसं २०५२ फागुन १ गतेबाट तत्कालीन नेकपा माओवादीद्वारा सुरु गरिएको सशस्त्र सङ्घर्षका कारण सो सेवा बन्द गरिए। तराईबाट उडान गरिने १८ सिटका टुइनेटर विमान बन्द गरिए । टावरमा क्षति भयो, एयरपोर्ट घाँसे मैदानमा परिणत भए । सरकार र निज वायुसेवा कम्पनीले नेपालगञ्जको राझा एयरपोर्टबाट हुम्लाको सिमकोट र जुम्लाको खलङ्गा एयरपोर्टमा भने दिनको ४/५ पटक उडान भर्ने अनुमति दिइएको थियो । मुगुको ताल्चा विमानस्थलमा हवाई सेवा नरोकिए पनि सुचारु राम्ररी हुन नसकेको गुनासो सुनिँदै आएको छ। सुदूरपश्चिमका पहाडी जिल्लामा विगत वर्षदेखि हवाई यातायात ठप्प हुँदा हजारौँ यात्रु गाडीमा सवार गर्न बाध्य छन्। गाडीको यात्रा गर्दा जोखिम बेहोर्नु त छँदै छ।

खानीडाँडा, फल्टुडे, भासुको भिर, जोराइल, बसडर, गैरा, गाड्खेत, साऊखर्क, गन्यामधुरा र स्याउले हुँदै डडेलधुरा पुगिन्छ। एकातिर तेल्याको लेकबाटको चिसो हावा, अर्कोतिर अनारखोली, रुवाखोला, डडेलधुरा सदरमुकाम आसपासका घना र रमणीय जङ्गलबाट बहने चिसो बतासका कारण डडेलधुरा बजार, तुफान डाँडामा मध्य ग्रिष्म ऋतुमा पनि चिसो बतास चल्ने गर्छ, सिरक नओढी सुत्न सकिँदैन। साग तरकारी, फलफूल खेती र महका लागि प्रख्यात मानिएको डडेलधुरा जिल्ला सुन्दर सुदूरपश्चिमको रानी जिल्ला हो, जहाँ पानी न मिसाइको खिर खान पाइन्छ । मौसम, कागती, अमिलो ज्यामिर आदि फलफूल १०/१५ रुपियाँमा गाउँ गाउँमा सजिलै खरिद गर्न सकिन्छ । जिल्लावासीको बोलीमा र व्यवहारमा मायालुपन, सच्चा र इमानदारिता बढी झल्किन्छ। विद्वान् विदुषी जन्माउने सुदूरपश्चिम र कर्णाली प्रदेशको आँगनीमध्ये डडेलधुरा पनि प्रमुख भूमि हो। यी दुवै प्रदेशका प्रत्येक जिल्लामा इतिहास जीवित छन्, संस्कृति र संस्कारले प्रत्येक गाउँबस्ती पोतिएका छन् । त्यसैले होला डडेलधुरा, बझाङ, अछाम, डोटी, बैतडी, दार्चुला, हुम्ला, कालीकोट, जुम्ला, बाजुरालगायतका जिल्लावासीका मुखमा प्राचीन नेपाली भाषा झुन्डिएको पाइन्छ । देउडा गीतका विविध भाका सुन्न पाइन्छ। थुम्का थुम्काबाट उत्तरतिर फर्केर हेर्दा साइपाल, अपि, जेठी बहुरानी हिमाल हाँसेको देखिन्छ, दक्षिण फर्केर हेर्दा माल (तराई) को मैदानी भूमि देखिन्छ, जहाँ हिउँदमा तोरी फुलेर पहेलपुरको दृश्य र शरद ऋतुमा धानका बाला झुलेर सुदूरको भूमिमा सुन फलेको आभास हुन्छ । हिमालमा डाँफे र कस्तुरी, तराईमा मयूर नृत्य गर्ने यो सुन्दर आँगनी हिमाली जडीबुटी यार्सागुम्बा, पाँचऔले, चिराइतो र सल्लाका खोटोका लागि पनि प्रख्यात छ। त्यसैले यो भूमिको ऐतिहासिक गीतले हामीलाई सम्झाउँछ -

*डोटी राम्रो डडेलधुरा अछाम राम्रो साँफ्या*
*मलाई पनि उडाई लैझा हिमालका डाँफ्या।*

संस्कृति, सभ्यता र मानवताको जिउँदो इतिहास सुदूरपश्चिम र कर्णाली प्रदेशमा ताजा छ। सङ्घीय राजधानी काठमाडौँबाट निकै टाढा छ। यहाँका देव मन्दिरहरूमा हरेक बिहान शंख घण्ट बनाउने गर्छन्, भक्तजन। दुःखको कुरा भन्नु पर्छ आस्थाका देवीदेवताले विपिन जोशी र निर्मला पन्तमाथि न्याय दिन सकेनन् । कोरोनाकालमा धार्चुलाबाट स्वदेश दार्चुला फर्कने क्रममा जयबहादुर धामी महाकाली नदीमाथि तुइनको डोरी काटेर नदीमा फालेको भारतीय प्रहरीमाथि नेपाल सरकारले बदलाको भाषा बोल्न सकेन।

बैतडी जिल्लामा पर्ने खोड्पे सुदूरपश्चिमको नारायणगढ हो, जुन कहिल्यै निदाउँदैन । यहाँबाट पश्चिमतिर बैतडीको सदरमुकाम गोठालापानी र दार्चुला पुग्न गाडी हुइकिन्छन् । पूर्वउत्तर गयो भने बझाङका गाडी कुद्ने गर्छन् । जयपृथ्वी राजमार्गका नामले प्रख्यात सो सडकको लम्बाइ १४३ किमी छ, बझाङको उत्तरी सीमा साइपाल गाउँपालिकासम्म । बिच सडकका बस्ती विजयपुर, झौलेक, वृन्दावन, नाचन्थली, वचपानी, वित्थड बजार, दूध ढोल्ना, कचर, स्याडी, देउलेख, धरान, सुनकुडा, बागथला देउरा, झोता, झनाला, मौरीबगर, बगरगाऊ, तमैल, सुवेदीगाउँ हुँदै सदरमुकाम चैनपुर पुगिन्छ। आधा भूमि बैतडी घुम्दै बझाङ पुग्दा सुमेरु पर्वत घुमेको अनुभूति हुन्छ। कर्णालीको चिसापानीबाट अछाम र डोटीको मेल्लेख भएर पहाडी लोकमार्ग हुँदै गाडीको सुविधा भए यात्रुलाई ५ घण्टाको छोटो दुरीको यात्रा गरी गन्तव्यमा पुगिन्थ्यो । कैलाली जिल्लाको उत्तरी सिमाना पर्ने डरलाग्दो भासुको भिर, बैतडी जिल्लाका अनारखोली, खोड्पे, वित्थड, दूध ढोल्नाका लेक, रमितापुरको भिर डडेलधुरा जिल्लामा पर्ने तेल्याको लेक भएर सवार गर्दा निकै जोखिम मोल्नुपर्ने हुन्छ।

यसैगरी बझाङ जिल्लाको सुनकुडा, देउलेक, माल्ल्वापड सारै डरलाग्दा गन्तव्य हुन् । लेकाली भागको साँघुरो सडक, मन कम्पित हुने भिर र मोड पार गर्दै दिनमा कैयौँ गाडी ज्यान हत्केलामा राख्दै गुडाउने गर्छन् चालक । दक्षिणमा अविरल सेती नदी बगिरहन्छन्, उत्तरतिर लेकाली भाग जहाँ गर्मी महिनामा पनि तापक्रम १० डिग्रीभन्दा माथि जाँदैन, त्यस्तो जोखिम मोलेर यात्रा गर्ने यात्रु र गाडी चालकको हिम्मत त मान्ने पर्छ।

सिरानमा साइपाल हिमाल बोकेको बझाङ जिल्ला सुदूरपश्चिमको रमणीय र पर्यटकीय जिल्ला हो । दक्षिणमा खप्तड राष्ट्रिय निकुञ्ज पर्छ । बिच भागमा हिमनदी सेती (सीता) नदी बग्छिन् । शाखा नदी (जसलाई गाड भनिन्छ) कालङ्गा, बाउलीगाड, सुनिगाड र तलकोटी गाड विभिन्न डाँडाकाडा, खोल्सा पार गर्दै बग्ने गर्छन्। यो जिल्लामा मार्सी बासमती, अन्जना, लडमण्या धान फल्ने मलिला फाँट छन्, जसलाई जिउला भनिन्छ। बुङ्गलका सेरा, जुजीको जिउला, पिखेत, छान्नाका जिउला, सुवेडा, देउल, थलीको जिउलो, पडेस र गोलाइको जिउला, चिण्डीसेरा, खेइरा, साइलाबगर र भात्याखोलाको जिउला बझाङका अन्नका भण्डार हुन् । तलकोटीगाउँ, छान्न थालारा, जयपृथ्वीनगरका काप्रीकोट, खैइरा बाजगाउँलगायतका बस्तीमा हिँउदे फलफूल पाकेर पहेला देखिन्छन् । तलकोटमा त कागती, ज्यामिर, अमिलो पाकेर भुइँमा खसेका छन्, सुन्तला किलोको ४० मा प्रशस्तै पाइन्छ भने केराका घारी पाकेर बोट नुहेका देखिन्छन् । गाउँमा फलफूल खाने मान्छे धेरै छैनन्, वृद्धवृद्धा आश्रम जस्तै देखिन्छन्, गाउँ। कसैको निधन भएमा ३/४ दिनसम्म मूर्दाघरमा कुर्नुपर्ने बाध्यता छ। बम्बई, बेङ्गलोर, दिल्ली मात्र नभएर आजकल त समुद्रपारिका मुलुकमा कामको खोजीमा गएका आफन्त घर पुग्न सामान्य रूपमा ४/५ दिन त बित्ने नै भयो, अनि मात्र दाहसंस्कार गरिन्छ, मृतकको।

गाउँका अधिकांश मानिस सुविधा खोज्दै कोही काठमाडौँ शहर पसे। धेरै जसो धनगढी, महेन्द्रनगर, नेपालगञ्ज, टीकापुर, अत्तरियालगायतका भूभागमा ओर्लिए। यसो हुँदा गाउँबस्ती रित्तो हुने नै भयो। खेतीयोग्य जमिन अधिकांश अँधियामा छन् भने कतिपय ठाउँमा त बाँझो जग्गा पनि देखियो । स्वर्ग जस्तो गाउँको आँगन रित्तिएको देख्दा साह्रै दुःख लाग्दो रहेछ। घिउ, मह, आलु, कोदो, फापर, चोतोको लागि प्रख्यात बझाङ जिल्ला मस्टादेवता, कालिकादेवी, कालसैन आदि देवीदेवताको बासस्थानको पुण्यभूमि हो । गाउँका बुढापाका मानिस आआफ्ना कुलदेवताको श्रद्धापूर्वक पूजा गर्ने गर्छन्, विशेष गरी मङ्सिर पुसमा।

चार महिनाको अमेरिका, स्कटल्यान्ड र लन्डनको बसाइपछि हालै स्वदेश फर्कें । संसारका सबै मुलुकभन्दा नेपाल सुन्दर छ, सात वटै प्रदेशका सुन्दरताका आ-आफ्ना गुण छन्। यिनै विशेषताको अवलोकन गर्न विदेशी भित्रिने गर्छन्। विदेशमा बस्दा मलाई तः

'होमसिक' जस्तो भयो। काठमाडौँ पुगेको तेस्रो दिनमा म बझाङ पुगेँ। केही दिन जन्मभूमिको काखमा बसेँ। मौलिक खाना खान पाएँ । मातृभूमि र आफन्तको मुटुभरिको माया पाएँ। सानो छँदा गाइबस्तु चराउन गएको जङ्गल घुमे, सानो छँदा नुहाउने गरेको धारामा नुहाएँ, चौतारामा साथीसङ्गीसँग बसेँ । अति आनन्दको अनुभूति भयो । काठमाडौँ फर्कनु त छँदै छ। बिदाइको बेला गाउँका बौजु (भाउज्यू) हरूले पठाएका विभिन्न थरी दाल, रातो चामल, कोदाको पिठो अलिकति फलफूल र मह बोकेर दाजु र भाउजूको अपार माया सँगालेर राजधानी फर्कें।

कसैले सोधे भने लहरा पहरा, छाँगा छहरा र हिमाली मुकुट भएको मेरो देशबाहेक सुन्दर अरू छैन भन्छु। नेपालमा पनि सुन्दर सुदूरपश्चिम र कर्णाली प्रदेश नै बढी मन पर्छ। सुदूरपश्चिमको भूमिमा पनि बझाङ जस्तो प्यारो अन्त लाग्दैन। बझाङ जिल्ला हीराको टुक्रा हो, स्वर्गको बगैँचा हो, मानस खण्डकै पवित्र देवलोक हो।

*धिपिधिपी बत्ती बल्यो बझाङ्गी बाराको*
*यति माया म क्या लागी सुनका हाराको।*

गोपबाट

# चामलको महत्व





**तुल्सीराम पाण्डे**

चामललाई दहीमा मुछेर निधारमा टीका लगाएर गरेको साहित शुभ मानिन्छ। त्यसरी साहित गर्नाले आँटेको काम सम्पन्न हुन्छ । २०४५/५० सालपछि टीकालाई अविर मिसाएर रातो गराउने चलन आयो । केही जनजातिहरूले अहिले पनि सेतो टीका लाउँछन् । सेतो टीकामा कुनै रसायन हुँदैन । दही खाएर गरेको साहित पनि शुभ हुने र शरीर शितल रहने हुन्छ । नजिकैका मानिसहरू भेट हुँदा भात खानुभयो भनेर कुराको सुरुवात गर्दछन्। सबैले आफ्नो क्षेत्रमा उत्पादन हुने खाद्यान्नलाई नै प्रमुख खानाको रुपमा लिन्छन्। पञ्जावीहरूले रोटी खानुभयो भन्दछन्। मुस्ताङमा बस्ने मानिसहरुले र थकालीहरूले ढिंडो खानुभयो भन्दछन्। स्वीजरल्याण्डमा आलु खानुभयो भन्दछन्।

हाम्रो समाजमा भातलाई इज्जतको खाना मानिन्छ । खेतको काम गर्दा प्रत्येक पटकमा पूजा गर्ने र शुभ समयमा काम गर्ने गर्दछन् । धानको ब्याड राख्दा र रोपाइँ सुरु गर्दा सकेसम्म पण्डितलाई दिन हेराएर गरिन्छ । पण्डितलाई हेराउन सम्भव नभएमा पुर्खा वा अग्रजहरुले गरेको परम्परा र आफ्नो विवेकले देखेको राम्रो दिनमा गर्दछन् । ब्याड बनाउन ढिलो हुने भएमा एउटा भाँडोमा धान भिजाएर माटो मिसाएर राख्छन्। छिटो बनाउनु परेमा ब्याडमा थोरै धान छरेर दिन गर्छन् । त्यसपछि रोपाइँ गर्न ठिक्क हुने दिन पारेर पुरै बिउ छर्छन्। धान काट्न सुरु पनि राम्रो दिनमा नै गर्नु पर्दछ। धान पाक्न ढिलो हुने ठाउँमा राम्रो दिनमा मुठी लिने र न्वागी खाने गर्दछन् । नयाँ चामल खाने दिनमा हली चेलीबेटी र बालिघरे काम गर्नेलाई पनि बोलाउँछन्। चामललाई वैदिक विधिअनुसार अग्निमा होम गरेर तरेषुको टीका लाउँछन् । नयाँ चामललाई दहीमा भिजाएर केरा, चिनी, सिलाम र अरु बास्नादार चिज मिसाएर पहिले भगवानमा अर्पण गरेपछि सबैले खान्छन् । नयाँ चामलको टीका लाउँछन् । भात पकाएर खान्छन्। धान पाक्न ढिलो भएमा थोरै धान काटेर पुरानो चामलमा मिसाएर कर्म गर्दछन्। होम नगरेको धान धर्म र कर्ममा काम लाग्दैन । मुठी काटेको धानलाई कतै गोरु गाईलाई खान दिन्छन्। कतै धुरीमा बाँधेर राख्दछन्। कतै कलात्मक फूल बुनेर ढोका माथि झुण्डाउँछन् । दाई गर्दा पनि म्याई (मियो) लाई पूजा गरेर गाड्दछन्। मियोको टुप्पोमा फूल र पराल बाँध्दछन्। रोपाइँ गर्दा धान काट्दा र दाई गर्दा फरक फरक गीत गाएर रमाइलो गर्छन्। दाईका गोरु फुकाउँदा पनि पहिले धुप सुँघाएर शिरदेखि जुरो र ढाड हुँदै पुच्छरसम्म परालले सह तानेर फुकाउँछन् । दाई हेर्नेहरुले परालमा लडिबडि खेल्छन्।

पहिले असारको १ गतेदेखि ९ गतेसम्मलाई पृथ्वीको रजस्वला हुने समय भनेर बार्दथे । त्यसपछि ७ गते ८ गते र ९ गते गरेर ३ दिन बार्न थाले । आजभोलि ८ गते मात्र बार्दछन्। कसैले त्यही पनि बार्न छाडिसके । रजस्वलालाई कुनै ठाउँमा रवी र कुनै ठाउँमा आलद्रा भन्दछन्। आलद्राको समयमा बेसरी पानी पर्ने विश्वास गरिन्छ। बार्ने अरु कुरामा खेतमा नपस्ने, छेउ कुनाको घाँस नकाट्ने, झार नउखेल्ने र खनजोत नगर्ने गर्दछन्। त्यसो गरेमा पृथ्वीलाई कष्ट हुन्छ। त्यसबाहेक रजस्वला भएका महिलाहरु पनि ३ दिनसम्म खेतमा पस्दैनन्।

धानहरु धेरै प्रकारका हुन्छन् र छुट्टा छुट्टै विशेषता हुन्छन्। पाखेधान, घैया, अनदी, कुलामाथिको धान, टाइटन र चैते सबै धानहरु अशुद्ध मानिन्छन्। खानाको रुपमा प्रयोग गरिए पनि धर्म र कर्ममा प्रयोग गरिंदैन । यी धानलाई दिन हेराउन र होम गर्नु पर्दैन । राम्रा धानहरुमा जर्नेली, मन्सरो, लाभे, आँपझोंते, झिनुवा, कालो झिनुवा, मार्सी, गौरीया, छोटे, गुडुरा पर्दछन् । यी चामलहरु बास्नादार हुन्छन् र दूध घ्यू समात्छन्। सबैभन्दा राम्रो जर्नेली मानिन्छ। जर्नेलीमा औषधीय गुण पनि हुन्छ । पोखरामा जेठो बुढो र जुम्लामा रातो मार्सी त्यहाँका नामी धान हुन् । रोटी, खाजा, पिठो, खिर, कसार बनाउन आफ्नो क्षेत्रका यिनै चामलको बनाइन्छ । घ्यू राखेर खाजा पकाउन अनदी चामल प्रमुख रोजाइमा पर्दछ । सेलरोटी पकाउँदा पनि अनदी मिसाएमा फूल्ने र नरम हुने हुन्छ । झिनुवा र अनदीलाई धर्म र कर्ममा अशुद्ध मानेर प्रयोग गरिंदैन । लोप हुने अवस्थामा रहेको बाँस धानको भात बढ्छ। फर्र हुन्छ। दूध घ्यू समात्दैन। थापा चिनीलाई नयाँ धान मानिन्छ । यो धेरै फल्छ र भात मोटो हुन्छ । यी सबै पाहाडी धानहरु हुन् । गर्भे धानको बाला देखिंदैन बोटभित्रै पाक्छ। दाई गरेर निकाल्नु पर्दछ। धान कालो हुन्छ। यो धान लोप भइसकेको छ। लामो टुँडा हुनाले यसलाई जुँगे धान पनि भन्दछन्।

पहिले मन्सुलीलाई तराईको प्रमुख धान मानिन्थ्यो। कालानिमकलाई जमिन्दारको खाना भन्दथे। भतेर लाउँदा मकरकद्दुको भात पकाउँथे । आजभोलि अनेकथरी धेरै फल्ने र बास्नादार धानहरु आएका छन्। पाकेटको बिउको चलनले गर्दा यहाँका रैथाने बिउहरु लोपहुने अवस्थामा छन् । एकजनाले बिउ जोगाउन सम्भव हुँदैन । स्थानीय स्रोतको संरक्षण र विकास गर्न राज्यको सहयोग हुनु पर्दछ । तराईको चामल पहाडमा नलैजाँदासम्म लेकमा बस्नेहरू र गरिबहरूले दसैंको दिनमा मात्र भात खान्थे। त्यो पनि सम्भव नभएमा चामलको टीकामात्र लाउँथे। त्यहाँ जे उब्जन्छ त्यही खान्थे । २०७८ सालसम्म पनि कर्णाली क्षेत्रमा चामलको सधैँ अभाव हुन्थ्यो।

देशमा आधुनिकता भित्रिएपछि खेत पूजा गर्ने, बालि पूजा गर्ने, मन्दिरमा चढाउने, होम गर्ने र न्वागी खाने चलन हराइसकेको छ। मेसिनको प्रयोगले गर्दा माटोको सम्मान कम भएको छ। आधुनिक चलन आए पनि सबैले धर्म र कर्म गर्नु पर्दछ। धर्ममा, कर्ममा, साहितमा, खानामा र इज्जतमा चामलले मानिसको जीन्दगी चलेको छ। हामी सबैले चामलको महत्व बुझेर सम्मान र इज्जत गर्नु पर्दछ।

# स्याङ्जामा ४० हजार मेट्रिकटन फलफूल उत्पादन




स्याङ्जा । स्याङ्जामा आर्थिक वर्ष २०८१/०८२ मा झण्डै ४० हजार मेट्रिकटन फलफूल उत्पादन भएको छ । चार हजार ४३४ हेक्टर क्षेत्रफलमा गरिएको फलफूल खेतीबाट एक वर्षमा ४० हजार १० मेट्रिकटन फलफूल उत्पादन भएको हो। कुल उत्पादन हुने फलफूलमध्ये झण्डै ७० प्रतिशत सुन्तलाको हिस्सा छ। पछिल्लो वर्ष २८ हजार मेट्रिकटन सुन्तलामात्रै उत्पादन भएको छ।

जिल्लामा खासगरी तीन हजार ४५२ हेक्टरमा लगाइएको सुन्तला प्रजातिको २९ हजार ६८७ मेट्रिकटन फलफूल उत्पादन भएको छ। ८७५ हेक्टर क्षेत्रफलबाट ९ हजार ५३८ मेट्रिकटन वर्षे फलफूल उत्पादन हुँदा १०७ हेक्टर क्षेत्रफलमा लगाएको हिउँदे फलफूल ७८५ मेट्रिकटन उत्पादन भएको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ। सुन्तलाजात समेतको वर्षे र हिउँदे गरी कुल ४० हजार १० मेट्रिकटन फलफूल उत्पादन भएको कार्यालयले जनाएको छ।

जिल्लामा उत्पादित फलफूलमध्ये सबैभन्दा धेरै सुन्तलामात्रै दुई हजार ९५० हेक्टर क्षेत्रफलमा २८ हजार ५५९ मेट्रिकटन उत्पादन भएको छ। कार्यालयकाअनुसार ४५२ हेक्टर क्षेत्रफलमा लगाएको कागती ५०३ मेट्रिकटन उत्पादन हुँदा ५० हेक्टरको क्षेत्रफलमा लगाएको सुन्तला प्रजातीका अन्य फलफूल ६२५ मेट्रिकटन उत्पादन भएको छ।

वर्षे फलफूलमा केरा, आँप, लिची, बेलौती, भुईकटहर, एभोकाडो, मेवा र ड्रागन उत्पादन हुँदै आएको कार्यालयका कृषि अर्थविज्ञ नारायण पाठकले जनाए। 'हिउँदे फलफूलमा नास्पाती, आरु, आरुबखडा, किवीलगायतका फलफूल उत्पादन हुन्छ,' उनले भने-'कुल उत्पादित फलफूलमध्ये ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत फलफूल देशभित्रै निर्यात हुँदै आएको छ।' गतवर्षको तुलनामा चालु वर्ष झण्डै तीन प्रतिशतले फलफूल उत्पादनमा वृद्धि हुने विज्ञ पाठकले जनाए।

मुख्यगरी सुन्तला, आँप/लिची उत्पादन गर्ने कृषकको सख्ंया धेरै रहेको जिल्लामा झण्डै २८ सहकारी, ९१ समूह र तीन सय कृषकले व्यावसायिक रुपमा फलफूल खेती गर्दै आएका छन् । फलफूल खेतीमा महिला र पुरुष गरी करिब ५ हजार परिवार आबद्ध छन् भने झण्डै चार हजार ५ सय जनाले प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी पाएको कृषि विकास कार्यालयले जनाएको छ।

सुन्तलाका सयौ बगैंचा रहेको स्याङ्जामा आँप/लिची र केराका दर्जनौ व्यावसायिक फार्महरु सञ्चालनमा रहेका छन् । फलफूल खेतीबाटै जिल्लाका एक दर्जन कृषकले वार्षिक रुपमा १० लाखदेखि एक करोडसम्म नगद आम्दानी लिने गरेका छन् । सुन्तला बिक्रीबाट गतवर्ष झण्डै ९० लाख आम्दानी गरेको अर्जुनचौपारीका त्रिपुत्र बागवानी फार्म सञ्चालक सुन्तला उत्पादक अगुवा कृषक फणीनारायण अर्यालले बताए।

जिल्लाका ११ पालिकामध्ये पुतलीबजारमा सबै भन्दा धेरै झण्डै १२ हजार मेट्रिकटन फलफूल उत्पादन हुन्छ। उत्पादित फलफूलमध्ये भीरकोट र वालिङ्मा ६/६ हजार गल्याङ् र चापाकोट नगरपालिकामा ५/५ हजार मेट्रिकटन फलफूल उत्पादन हुने गरेको कार्यालयले जनाएको छ। जिल्लाका ६ गाउँपालिकामा झण्डै ६ हजार मेट्रिकटनमात्रै फलफूल उत्पादन हुने गरेको छ।

# तेस्रो समाचार महोत्सव लुम्बिनीमा हुँदै

भैरहवा। लुम्बिनी प्रेस क्लबको आयोजनामा पौष १२, १३ र १४ गते बुद्ध जन्मस्थल लुम्बिनीमा समाचार महोत्सव हुने भएको छ। २०७६ साल मंसिर १, २ र ३ मा लुम्बिनीमा पहिलोपटक समाचार महोत्सव (न्युज फेस्टिभल) सम्पन्न गरेको लुम्बिनी प्रेस क्लबले दोस्रो पटक २०८० सालमा भैरहवामै गरेको थियो।

प्रेस क्लबको आयोजनामा तेस्रो पटक हुन गईरहेको समाचार महोत्सवलाई ऐतिहासिक बनाउनेगरी गृहकार्य भइरहेको आयोजक संस्था लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझीले बताए।

अध्यक्ष रायमाझिले भने-'लुम्बिनीमा तेस्रो पटक हुन गईरहेको समाचार महोत्सवलाई ऐतिहासीक र उपलब्धिपूर्ण बनाउन हामी सबै लागिरहेका छौं । यो महोत्सवमा नेपाली पत्रकारिता र सञ्चार क्षेत्रको बारेमा छलफल, बहस, अन्तरक्रिया हुनेछ।'

नेपालकै इतिहासमा पहिलोपटक २०७६ सालमा काठमाडौंका मूलधारका ५० जना सम्पादक र देशभरीका ३ सय जना पत्रकार सहभागि गराई पहिलो समाचार महोत्सव गरेको लुम्बिनी प्रेस क्लबको तेस्रो पटकको समाचार महोत्सवलाई धेरैले चासो पूर्वक लिएको देखिन्छ।

तेस्रो समाचार महोत्सवमा समाचारका विभिन्न विधाको बारेमा छलफल, बहस र अन्तरक्रिया गरिने र त्यसले नेपाली पत्रकारिताको इतिहासको समीक्षा गर्दै, वर्तमानको अवस्था उजागर गर्दै, भविष्यको मार्ग तयार गर्न योगदान दिने अपेक्षा गरिएको छ।

तेस्रो समाचार महोत्सवमा भारतको उत्तर प्रदेश र सिक्कीमका पत्रकारहरु, काठमाडौंका पत्रकारहरु तथा नेपालको विभिन्न जिल्लाबाट प्रतिनिधिमूलक रुपमा पत्रकारहरु सहभागी हुने कार्यक्रम संयोजक समेत रहेका लुम्बिनी प्रेस क्लबका उपाध्यक्ष दीपेन्द्र बडुवालले बताए।

संयोजक बडुवालले भने-'नेपाली पत्रकारिता जगतमा लुम्बिनी न्युज फेस्टिभल ऐतिहासिक कार्यक्रम हो। यो कार्यक्रममा सबै पत्रकारहरुलाई सक्रियता पूर्वक सहभागिता जनाउन हामीले आग्रह समेत गरेका छौं। '

१२ वर्ष अगाडि क्रियासील पत्रकारहरुको सक्रियतामा स्थापना भएको लुम्बिनी प्रेस क्लबले पत्रकारिता क्षेत्रको विकासकोलागि विभिन्न कार्यक्रम गर्दै आएको छ।

# आधुनिक प्रविधिको प्रयोग गरी गर्भ परीक्षण



**कृष्ण पोखरेल**

*पाल्पा*

रिब्दीकोट गाउँपालिका वडा नं. १ ख्याहा पाल्पाकी कमला पहरी मगरको गाई तीन वर्षदेखि पटक-पटक गर्भ लाग्ने, तर नब्याउने भएर समस्यामा परेकी थिइन। कमलाको तीन वर्षअघि मात्र गाईमा लम्की स्क्रिन भएपछि ६ महिनाको गर्भ तुहिएको थियो। त्यसपछि पटक-पटक बहर लाग्ने, कृत्रिम गर्भाधान गर्दा समेत कमलाले पालेको गाईको गर्भ अडिएन। एक लाख रुपैयाँमा किनेको गाईमा पटक-पटक गर्भ नबसेपछि कमला निकै चिन्तित भएकी थिइन। कमलाले पटक-पटक स्थानीय पशु प्राविधिकहरु गुहारिन, तर पनि समस्या समाधान भएन।

ख्याहाकै अर्की पशुपालक कृषक हरिकला थापा मगरले एउटा गाई, एउटा भैंसी पालेकी छिन्। हरिकलाको पनि नियमित आम्दानी भनेको दूध बिक्री हो। हरिकला पनि भैंसीमा पनि पटक-पटक भैंसीले रागो खोज्ने, वाली लाग्ने, तर गर्भ नअडिने भएपछि निकै चिन्तित भइन । हरिकलाको भैंसी नब्याएपछि भैंसीले दूध दिन छाड्यो । भैंसीलाई बेच्यो कौडीको भाउँमा जान्छ, पाल्यो रागो लाग्छ, गर्भ रोकिंदैन कमलालाई पीडामाथि पीडा थपियो।

कमला र हरिकलाको जस्तो गाई भैंसी प्रजनन् समस्या र बाझोपन गाउँका अन्य पशुपालक कृषकहरुमा देखिंदै गयो । एउटा गाउँमा मात्र हैन पालिका भरीका नियमित रुपमा दूध बिक्री गर्दै आएका पशुपालक कृषकहरुको पनि गाई भैंसीमा बहर, रागो लगायो, कृत्रिम गर्भाधान गरायो, तर नब्याउने समस्या बढ्दै गयो । पशुपालक कृषकहरुको समस्या वडातहका पशु प्राविधिक हुँदै गाउँपालिकासम्म पुग्यो।

रिब्दीकोट गाउँपालिकाले पालिकाभरीका कृषकहरुको गुनासो बढ्दै गएपछि हेफर इन्टरनेशनल नेपाल, ग्रामीण आर्थिक विकास संघ रेडासँग मिलेर कृषकको घर गोठमै पुगेर सेवा दिएको छ। पालिकाले पशु विज्ञ, पशु चिकित्सक, पशु प्राविधिकसहित टोली कृषकको घरदैलोमा खटाई, अत्याधुनिक मेसिन अल्ट्रासाउडको माध्यमबाट पशुको वास्तविक समस्या समाधान गर्न, पुषमा हुने प्रजनन् रुग्नता र बाझोपन निवारणको लागि पशु शिविर सञ्चालन गरी कमला, हरिकला जस्ता पशुपालक कृषकहरुलाई निःशुल्क सेवा दिएको छ।

आफ्नै गाउँ गोठमा पशु शिविर सञ्चालन भएपछि पशुपालक कृषकहरु निकै खुसी भएका छन् । 'पटक-पटक गाई भैंसीमा गर्भ बस्ने, तर नब्याउने समस्याले निकै दुःखी भएका थियौं । गाई भैंसी थारो बस्दा हाम्रो आयआर्जनको बाटो रोकिएको थियो, पालिकाले हाम्रो गुनासो सुनेको छ, अत्याधुनिक मेसिनले गाई भैंसी चेकजाँच गरेर गर्भ नरहेको ढुक्क बनाएको छ, मानिसलाई जस्तै पशुको पनि गर्भ जाँच गरेको नयाँ प्रविधि देख्दा खुसी लागेको छ।'-रिब्दीकोट ख्याहाकी शान्ता पाण्डेले भनिन्।

पशु प्रजनन् समस्या तथा बाझोपन शिविरमा वडा नं. ख्याहा, वडा नं. २ देउराली, वडा नं. ३ खस्यौली, वडा नं. ५ कुसुमखोला, वडा नं. ७ मैनादी ५ वडामा १४ वटा गाई र १७ वटा भैंसी गरी ३१ वटा पशुमा अत्याधुनिक मेसिन अल्ट्रासाउण्डको माध्यमबाट चेकजाँच भएको रिब्दीकोट कृषि परियोजनाका पशु प्राविधिक मीना खड्काले बताइन्।

पालिकाले पशुपालक कृषकहरुमा देखिएको पशु प्रजनन् समस्या समाधान गर्न, कृषकहरुमा उत्साह बढाउँदै, बढीभन्दा बढी दूध उत्पादन गरेर बिक्री गरी आम्दानी बढाउन, पशुपालन व्यवसाय बढाउँदै, गाउँलाई हराभरा बनाउँदै आर्थिक रुपमा समृद्ध रिब्दीकोट बनाउन पालिकाले कृषकहरुको घरदैलोमै पुगेर पशु विज्ञ, चिकित्सक, पालिकाको पशु शाखाको प्रत्यक्ष निगरानीमा र पशु प्राविधिकको परिचालनमा सेवा सञ्चालन गरेको पालिकाका अध्यक्ष नारायणबहादुर कार्कीले बताए।

चेकजाँचपछि पाल्पा रिब्दीकोटका कृषकहरुको गाई भैंसीमा गर्भ नबस्नुका समस्याहरु पत्ता लागेका छन् । कृषकको घरगोठमा पुगी गाई भैंसी चेकजाँच, आहारा, पोषण, खनिज, भिटामिनको कमीको कारण प्रजनन् वाली दोहोरिने, बाझो पन बढ्ने, एक पटक ब्याएपछि लामो समयसम्म वाली नलाग्ने, केही गाई भैंसीमा पाठेघरमा संक्रमण तथा विभिन्न किसिमका रोगहरु भेटिएको पशु चेकजाँचमा खटिएका राष्ट्रिय पशु प्रजनन् कार्यालय नेपालगञ्जका पशु विज्ञ डा. मिलनकुमार चौधरीले बताए। पाल्पामा देखिएको पशु पजनन् समस्या तथा बाझोपन तराईमा जस्तो विकराल नभएको, औषधि उपचारपछि तीन/चार महिनाभित्र पुनः स्थायी रुपमै वाली लाग्ने गरी उपचार भएको पशु विज्ञ डा. चौधरीले जनाए।

तराई जस्तै पाल्पामा पनि उन्नत जातका गाई भैंसी पालन बढ्दो रहेको छ । पाल्पामा उन्नत जातका गाई भैंसी तराई क्षेत्रबाटै लैजाने गरिन्छ। जतिमात्रामा उन्नत जातका गाई भैंसी बढ्दै जान्छ त्यती नै मात्रामा पशु प्रजनन् समस्या र बाझोपन बढ्दै जान्छ । पछिल्लो समयमा दूध उत्पादनमा व्यवसायिक वृद्धिसँगै बाझोपन गम्भीर समस्याको रुपमा देखापरेको छ, जसले गर्दा प्रत्यक्ष रुपमा कृषकको नियमित आम्दानीमा असर पुगेको छ। पशुहरुको प्रजनन् समस्या र बाझोपन निवारणको लागि रिब्दीकोट गाउँपालिकासँग मिलेर कृषकको घरगोठमा पुगेर काम गरेको हेफर पोजेक्ट नेपाल बुटवल क्लस्टरकी पशु चिकित्सक डा. अंशु प्रधानले बताइन्। 'यो अभियानले किसानहरुलाई पशु बाझोपन बारेमा जानकारी भएको छ, पशु प्राविधिकहरुले सिक्ने जान्ने मौका पाएका छौं।'-पशु चिकित्सक डा. प्रधानले भनिन्।

आगामी दिनमा पालिकाका पशु प्राविधिकहरु नै पशु प्रजनन् समस्या र बाझोपनमा सैद्धान्तिक र व्यवहारिक दुबै पक्षबाट क्षमता वृद्धि र सीप विकास गरी आफैं काम गर्न सकियोस भनी सँगसँगै फिल्डमा खटिएको र प्राविधिकहरुले पशु विज्ञ र पशु चिकित्सकहरुबाट राम्रोसँग व्यवहारिक अभ्यास गर्न पाएको रिब्दीकोट गाउँपालिका पशु शाखा प्रमुख गीता नेपालीले बताइन्।

घरगोठमा पुगेका पशुविज्ञसहितको चिकित्सक टोलीले चेकजाँचपछि पशुहरुमा देखिएको प्रजनन् समस्या समाधानको लागि तत्कालै पशुपालक कृषकहरुलाई निःशुल्क रुपमा आवश्यक औषधि, कृत्रिम गर्भाधान, खनिज, भिटामिन वितरण गरेको, देखिएका समस्याको बारेमा आवश्यक परामर्श, पशु आहार घाँस, दाना पानीको बारेमा जानकारी दिई कृषकहरुलाई खुसी बनाएको फिल्डमा खटिएका ग्रामीण आर्थिक विकास संघ रेडाका प्राविधिक विष्णु रेग्मीले बताए।

## Siyari Rural Municipality
### Office of The Rural Municipal Executive
**Harniya , Rupandehi**

## Invitation for Online Bids

First Date of publication: 12-21-2025 (2082/09/06)

1.Siyari Rural Municipality Harnaiya, Rupandehi invites online bids From the Eligible Suppliers for the Procurement of following Goods under Sealed Quotation bidding procedure :

| S.N. | Invitation for bid No. | Procurement Detail | Bid security amount NRS/ Validity Period | Estimated amount NRS (Exclusive of VAT and Contingencies) | Bid document fee NRs |
|---|---|---|---|---|---|
| 1 | 17/SQ/ GOODS/ SRM/2082 -083 | Supply and Delivery of Stationery and Miscellaneous Items at Siyari Rural Municipality, Rupandehi | 40,000 / 75 days | 14,53,342.72 | 1,000 |

| Account No. For Bid Document Purchase Fee: | Account No. For Bid Security Deposit: |
|---|---|
| **Bank Name:** NIC Asia Bank Ltd., Harnaiya Rupandehi<br>**Account No.:** 00932050014941013<br>**Account Name:** GA-1.1-ANTARIK RAJESHO KHATA-SIYARI GAUNPALIKA | **Bank Name:** NIC Asia Bank Ltd., Harnaiya Rupandehi<br>**Account No.:** 00932050014941012<br>**Account Name:** GA-3-DHARAUTI KHATA-SIYARI GAUNPALIKA |
| **Deadline of Bid Submission:**<br>01/05/2026 (2082/09/21) till 12:00 | **Date and Time of Bid Opening:**<br>01/05/2026 (2082/09/21) 14:00 |

2. Eligible builders may obtain further information and inspect the bidding document at the office of Siyari rural municipality or may visit PPMO website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

## शिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको जानकारी सम्बन्धमा

प्रकाशित मितिः २०८२/०९/०६

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समुहबाट आ.ब. ०६१ / ०६२ मा संकलन गरिएको काठ / दाउरा लिलाम बिक्री गर्ने सम्बन्धि मिति २०८२/०८/१० लुम्बिनी दैनिक राष्ट्रिय पत्रिकामा २१ दिने सुचना बमोजिम एउटै लट कायम गरीएको काठ / दाउराको बोलपत्र खरिद गरी अन्तिम समय भित्र पर्न आएका रितपुर्वका शिलबन्दी बोलपत्र प्रतिनिधिहरुको रोहबरमा मिति २०८२/०९/०३ यस सामुदायिक बनको कार्यालयमा खोलिएकोमा पेश हुन आएका सम्पुर्ण कागजात अध्ययन गर्दा बोलपत्र स्वीकृत गर्न मनासिव देखिएकोले समितिको मिति २०८२/०९/०३ को बैठकले बोलपत्र स्वीकृत गर्ने निर्णय समेत गरेकोले सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को प्रायोजनको लागि बोलपत्र सदर हुने व्यहोराको आशय सम्बन्धित सबैमा जानकारीको लागि यो ७ (सात) दिने सुचना प्रकाशन गरिएको छ। सो सम्बन्धमा कसैको केही गुनासो भए समय भित्र यस समुहको कार्यालयमा लिखित रुपमा निवेदन पेश गर्न समेत जानकारीको लागि अनुरोध छ।

**तपशिल**

| सि. नं | बढिसकार गर्ने फर्म वा कम्पनिको नाम र ठेगाना | कायम भएको न्युनतम | सकार रकम | तुलनात्मक अवस्था | कै. |
|---|---|---|---|---|---|
| १ | दिक्षा स:मिल बुटवल १९ रुपन्देही | ४२४६२९७/- | ४३०५५५१/- | पहिलो | सदर |
| २ | प्रशंसा स:मिल बुटबल १९ रुपन्देही | | ४२८५१००/- | दोस्रो | - |
| ३ | बि.आर. स:मिल बा.न.पा. ७ कपिलबस्तु | | ४२५५०००/- | तेस्रो | - |

**श्री बाणगंगा सामुदायिक वन उपभोक्ता समुह**

**शितगंगा न.पा. १४ अर्घाखाँची**

**लुम्बिनी प्रदेश सरकार**

**वन तथा वातावरण मन्त्रालय वन निर्देशनालय**

**डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प. )**

## काठ / दाउरा जोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

प्रकाशन मितिः २०८२/०९/०६

श्री डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.) अन्तरगत श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह, रामग्राम १८ को स्वीकृत कार्ययोजना बमोजिम आ.व. २०८०/०८१ - २०८१/०८२ मा उत्पादन भई रामग्राम पाल्हिनन्दन सव डिभिजन वन कार्यालय परिसरमा घाटगद्दी भएको र मुद्दा तथा बेवारिसे बरामद भएका र श्री बुटवल नारायणघाट सडक आयोजना तथा बर्दघाट सर्दि १३२ के.भी. प्रशारण लाईन आयोजनाको राइट अफ वे मा परेका रुखहरु कटान मुछानबाट उत्पादत भई बर्दघाट र सुनवल स.डि.व.का.अन्तर्गत घाटगद्दी भएका विभिन्न लटमा विभाजित प्रदेश सरकार तर्फको साल, असना, खयर समेत प्रजातिको ४५७० थानको १७०८०.२० क्यु.फि. गोलिया काठ तथा साल प्रजातिको ३ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र खरिद गरि १६ औं दिनभित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्वन्धि विस्तृत जानकारीको लागि डिभिजन वन कार्यालय, नवलपरासीमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सुचना यस कार्यालयको वेबसाईट https://dfoparasi.lumbini.gov.np/ तथा सुचना पाटीमा टाँस गरिएको छ।

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

# रूपन्देहीमा तमु ल्होसार मनाउने तयारी



बुटवल । रुपन्देहीमा रहेका गुरुङ समुदायले विविध कार्यक्रमसहित यस वर्षको तमु ल्होसार मनाउने तयारी गरेका छन् ।

तमु ह्यूल छोंज धीं गुरुङ राष्ट्रिय परिषद् रुपन्देहीले शनिबार पत्रकार सम्मेलन गरी हरेक वर्षजस्तै यसवर्ष पनि पुस १५ मा मनाउने तमु ल्होसारबारे जानकारी गराएको हो ।

परिषद्का रुपन्देही अध्यक्ष रामबहादुर गुरुङले ल्होसारको अवसरमा शनिबारदेखि पुस १५ गतेसम्म विभिन्न कार्यक्रम आयोजना गरिएको बताए ।

अध्यक्ष गुरुङका अनुसार पुस ११ गते जिल्लाका सबै नगर तथा ईकाइहरुमा सरसफाइ, १३ गते जिल्लाभर दिपावली, १२, १३ र १५ गते महिला कबड्डी प्रतियोगिता, १४ गते खुल्ला झाम्रे प्रतियोगिता, क्यालेन्डर प्रकाशन तथा १५ गते ल्होसारको मुल समारोह आयोजना गरिएको छ ।

तमु ल्होसार तमु जातीको लागि अस्तित्व जगेर्ना र मौलिक पहिचान, पुस्तान्तरण सहितको समुन्नत सांस्कृतिक सभ्यताको विकास हाम्रो अभियान भन्ने मुल नारासहित आयोजना गर्न गइरहेको यसवर्षको ल्होसारले सबै जातजाति तथा समुदायमा एकता र भाइचारा स्थापित गर्न सघाउ पुऱ्याउने अध्यक्ष गुरुङले बताए ।

परिषद्का केन्द्रीय सल्लाहकार भिम गुरुङले बिगतका वर्षहरुमा गुरुङ समुदायका बिचमा मात्र आयोजना हुंदै आएको ल्होसारलाई सबै समुदाय तथा जातजातिको सामूहिक पर्वको रुपमा स्थापित गर्न यसवर्ष अन्य जातजाति तथा समुदायका व्यक्तिहरुलाई पनि अतिथीको रुपमा आमन्त्रित गरिएको बताए ।

रुपन्देहीमा रहेका विभिन्न ३५ वटा इकाइमा विभिन्न कार्यक्रम गरिनुको साथै पुस १४ गते सबै इकाइ तथा नगरको सहभागितामा सांस्कृतिक झाँकीसहितको वृहत् शान्ति ऱ्याली निकालिने र उक्त ऱ्यालीमा उत्कृष्ट हुने झांकीलाई १० हजार पुरस्कार प्रदान गरिने फगरिने खुल्ला झाम्रे प्रतियोगितामा प्रथम हुनेलाई १० हजार, दोश्रोलाई ७ हजार, तेस्रोलाई ५ हजार तथा सान्त्वना स्थान प्राप्त गर्नेलाई ३ हजार पुरस्कार प्रदान गरिने छ ।

त्यस्तै मादल बजाउने, नृत्य र गायनमा समेत उत्कृष्टहुने एकएक जनालाई जनही १ हजार रुपैयाँ पुरस्कार प्रदान गरिने छ ।

# नेपाल-चीन मैत्री समाज लुम्बिनीको अध्यक्षमा जोशी



भैरहवा । नेपाल-चीन मैत्री समाज लुम्बिनीको २३औं वार्षिक साधारण सभा तथा आठौं अधिवेशनले मनिषकुमार जोशीको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ ।

निर्वाचन अधिकृत जगतबहादुर रायमाझीका अनुसार समाजको अध्यक्षमा जोशी सर्वसम्मत निर्वाचित भएका हुन् ।

समाजको वरिष्ठ उपाध्यक्षमा डा.ऋषिराम शर्मा, उपाध्यक्षम खिमबहादुर खत्री, महासचिवमा जनकराज पन्त, कोषाध्यक्षमा केशव शर्मा, सचिवमा दीपक गलामी र सह-कोषाध्यक्षमा अच्युत राज गौतम निर्वाचित भएका छन् ।

त्यस्तै सदस्यमा इन्द्रबहादुर थापा, सानु सापकोटा, नारायण भण्डारी, कुलमणि ज्ञवाली, गोविन्द प्रसाद रेग्मी र गंगा भुसाल निर्वाचित भएका छन् ।

कार्यक्रममा नेपाल-चीन मैत्री समाज लुम्बिनीका अध्यक्ष नारायणप्रसाद सापकोटाले चीनसंग जनस्तरमा सम्बन्ध विस्तार र लुम्बिनीको पर्यटन प्रवर्द्धनका लागि समाजको स्थापना भएको बताए ।

# नेपालमै पहिलोपटक सामूहिक शंख बजाउने प्रशिक्षण सम्पन्न



बुटवल । बुटवलमा शंख बजाउने प्रशिक्षण सम्पन्न भएको छ। धर्म, संस्कार कला र संस्कृतिको जगेर्ना गर्ने उद्देश्यका साथ नेपालमै पहिलोपटक लुम्बिनी पूजासामग्री भण्डार बुटवलद्वारा सामूहिक शंख बजाउने प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।

विश्व हिन्दु महासङ्घ बुटवलको सभाहलमा आयोजित कार्यक्रममा २०जना प्रशिक्षकहरूले विभिन्न समूहमा प्रशिक्षार्थीहरूलाई विभाजन गरी शंख बजाउन अभ्यास गराएका थिए।

कार्यक्रममा शंखको उत्पति, परिचय, शंखको धार्मिक, सांस्कृतिक वैज्ञानिक महत्त्व, शंख फुक्दा स्वास्थ्यमा, वास्तुमा, पर्यावरणमा हुने लाभको बारेमा वाचन सम्राट एवं धार्मिक अभियन्ता भीमकान्त पन्थीले कार्यपत्र पेश गरेका थिए। प्राध्यापक डाक्टर बाबुराम ज्ञवालीले गीता र विभिन्न पुराणहरुमा शंखको महिमा, स्थान र कथा प्रसंग भएको उल्लेख गरेका थिए।

सञ्चारकर्मी खेम रेग्मीले यस प्रकारका कार्यक्रमले हाम्रो धर्म संस्कृतिको रक्षार्थ ठूलो टेवा पुर्याउने र यस्ता कार्यक्रम निरन्तर गरिरहनुपर्ने कुरामा जोड दिए। घरघरमा शंख भएर पनि बिहान साँझको नित्य पूजामा बज्न छोडेको, शंख बजाउने इच्छा भएर पनि बजाउन नजानेको र कतिपय देवकार्यमा समेत बज्न छोडेकोले शंख प्रशिक्षण कार्यक्रमकमार्फत् सबैलाई शंख बजाउन सिकाउने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको विश्व ज्योतिष महासङ्घ लुम्बिनी प्रदेशका सभापति जनार्दन न्यौपानले जानकारी गराए।

कार्यक्रमका प्रमुख अतिथि विश्व हिन्दु महासंघ केन्द्रीय वरिष्ठ उपाध्यक्ष अधिवक्ता बेनबहादुर पौडेलले जीवनमा पहिलोपटक यस प्रकारको कार्यक्रम देख्ने अवसर पाएको र साँच्चिकै यसले हाम्रो सनातन धर्म संस्कृतिको रक्षार्थ ठूलो टेवा पुर्या उने विश्वास व्यक्त गनरे।

आगामी दिनमा पनि पूजासामग्री भण्डारले विभिन्न प्रशिक्षण एवम् कार्यक्रमलाई निरन्तर अगाडि बढाइरहने कार्यक्रमका संयोजक एवं अध्यक्ष सुन्दर भण्डारी बताए । लुम्बिनी प्रदेश र नेपाल भारत सीमावर्ती क्षेत्रबाट समेत गरी २५० जनाको सहभागिता रहेको कार्यक्रममा महिला, युवा, ज्येष्ठ नागरिक, धार्मिक अभियन्ता, ज्योतिष पण्डित आदिको उत्साहजनक उपस्थित थियो। आचार्य कमल पौडेलले सञ्चालन गरेको कार्यक्रममा प्रशिक्षार्थीले जीवनमै पहिलोपटक यसरी विभिन्न कला स्वर सहित निःशुल्क शंख बजाउन तालिम पाएकोमा अत्यन्त खुसी लागेको कुरा व्यक्त गरेका थिए।

# तिलोत्तमा-८ संगमटोलमा एक घर एक फूलबारी अभियान



तिलोत्तमा । तिलोत्तमा-८ को संगम टोलको जनभावना पथदेखि करहिया सामुदायिक वनको कार्यालय अगाडिको सडक क्षेत्रमा एक घर एक फूलबारी अभियान सुरु भएको छ ।

सामुदायिक वनले उक्त टोलमा हालै मात्र सिद्धार्थ पिस पार्क बनाएपछि त्यहां पुग्न बाटोको दक्षिणतर्फ र उत्तरतर्फका प्रत्येक घर अगाडि फूल रोपेर सौन्दर्यीकरण गर्न टोलवासीलाई विभिन्न प्रजातिका ५ सय फूल वितरण गरिएको छ ।

पुष्प व्यवसायी एवं सिद्धार्थ पिस पार्कका डिजाइनर रमेश पाण्डेले संगम टोलवासीलाई विरुवा हस्तान्तरण गरेका हुन् ।

फूलका बिरुवा हस्तान्तरण गर्दै पाण्डेले सिद्धार्थ पिस पार्क बनेसँगै उक्त पार्कमा स्वदेशी र विदेशी पर्यटक समेत आउने भएकाले सिंगो टोललाई सुन्दर र हरियालीयुक्त र सफा बनाउन जरुरी रहेकोमा जोड दिए ।

संगम टोल विकास संस्थाकी उपाध्यक्ष संगिता घिमिरेले तिलोत्तमा नगरपालिकाले अघि सारेको ग्रीन तिलोत्तमा, क्लिन तिलोत्तमा नारालाई सार्थक बनाउन टोलमा अघि बढेको एक घर एक फूलबारी अभियानमा वडा र नगरपाकिलाको सहयोग हुनुपर्ने माग गरिन् ।

करहिया सामुदायिक वनले चार करोड लागतको गुरुयोजना बनाएर पहिलो चरणमा करिब एक करोड लागतमा एक बिघा क्षेत्रफलमा आकर्षक पार्क बनाएको छ ।

उक्त पार्कलाई हालै मात्र सिद्धार्थ पिसपार्क नामाकरण गरिएको छ । पार्क बनाउन वन समिति, तिलोत्तमा नगरपालिका र डिभिजन वन कार्यालयको समेत आर्थिक सहयोग भएको वन समितिका अध्यक्ष हरिलाल पाण्डेले बताए ।

पार्क नजिकै पिकनिक स्पट र सभा हल समेत बनेको छ । पार्कमा बालबालिकाका लागि खेलकुद सामग्री, विश्रामका लागि हरियालीयुक्त बगैंचा, पदमार्गलगायतका विविध संरचनाहरू निर्माण हुँदैछन् ।

पार्कमा बुद्धको मूर्ति, वाटर फाउन्टेनलगायतका संरचना बनाउन बाँकी रहेको छ ।

सिद्धार्थ पिस पार्क पूर्वपश्चिम राजमार्गको बुटवल-देवदह खण्डअन्तर्गत फायरलाइनबाट तीन किलोमिटर दक्षिण र मणिग्राम-देवदह मार्गअन्तर्गत शिवपुरबाट एक किलोमिटर उत्तर दूरीमा छ ।

# हाजिरीजवाफको उपाधि अक्सफोर्ड माविलाई



बुटवल । रुपन्देहीको ड्राइभरटोलमा भएको जिल्लास्तरीय हाजिरीजवाफ प्रतियोगिताको उपाधि बुटवलको अक्सफोर्ड माविले जितेको छ।

होराइजन गौतमबुद्ध मावि ड्राइभरटोलले आयोजनामा भएको छैठौं जिल्लास्तरीय हाजिरीजवाफ प्रतियोगितामा सहभागी रुपन्देहीका जिल्लाभरीका चार दर्जनबढी संस्थागत तथा सामुदायिक विद्यालयहरुलाई पछि पार्दै अक्सफोर्डले उपाधि जितेको हो ।

उपाधिसँगै अक्सफोर्डले २० हजार नगद, शिल्ड तथा प्रमाण पत्र हात पारेको छ । यस्तै प्रतियोगितमा सुनगाभा पब्लिक सेकेन्डरी स्कुल सैनामैना द्वितीय भएको छ भने ग्रिन प्लान्ट सेकेन्डरी स्कुलले तृतीय स्थान हासिल गर्यो । द्वितीय हुनेले १५ हजार नगद, शिल्ड तथा प्रमाण पत्र र तृतीय हुने समूहले १० हजार नगद, शिल्ड तथा प्रमाण पत्र प्राप्त गरेको प्रतियोगिताका संयोजक ऋषिराम पौडेलले जानकारी दिए ।

होराइजन गौतमबुद्ध स्कुल सञ्चालक समितिका अध्यक्ष ज्ञानेन्द्र कसजूको अध्यक्षता भएको कार्यक्रममा तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँण, राष्ट्रिय परीक्षा बोर्ड प्रदेश परीक्षा व्यवस्थापन कार्यालय बुटवलका कार्यालय प्रमुख रमाकान्त तिवारी, तिलोत्तमा न.पा. वडा नं. १ का वडाध्यक्ष फर्सुराम गिरी, अभिभावक संघका लुम्बिनी प्रदेशका अध्यक्ष हेम थापालगायतले विजयी विद्यार्थीहरुलाई पुरस्कार वितरण गर्दै बधाई तथा शुभकामना दिएका थिए।

कार्यक्रममा विद्यालयका प्राचार्य गोपालप्रसाद आचार्यले जिल्लाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयबिच आत्मीय सम्बन्ध स्थापित गर्ने र विद्यार्थीमा अन्तरनिहित बौद्धिक क्षमतालाई प्रस्फुटन गराउने उद्देश्यले विगत वर्षहरूदेखि नै जिल्लास्तरीय हाजिरीजवाफ प्रतियोगिताको आयोजना गर्दै आएको जानकारी दिए।

डा. नारायणप्रसाद पन्थको सञ्चालनमा भएको कार्यक्रममा सहभागी ५१ विद्यालयहरुबाट ६ विद्यालय प्रतियोगिताको फाइनलमा प्रवेश गरेका थिए।

कार्यक्रमलाई भव्य र सभ्य रूपमा सम्पन्न गर्नका लागि होराइजन गौतमबुद्ध मा.वि.का उप-प्राचार्य इन्द्र भुसालको संयोजकत्वमा मूल समिति र विभिन्न उप-समिति बनाई कार्य सम्पादन गरिएको विद्यालयका प्रशासकीय अधिकृत मुकुन्द भट्टराईले जानकारी दिए।

# औद्योगिक प्रदर्शनीमा दर्शकको भीड



बुटवल । बुटवलमा जारी १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी कृषि, प्रविधि तथा पर्यटन महोत्सव-२०८२ मा शनिबार पहिलो बिदाको दिन अवलोकलनकर्ताको भीड लागेको छ।

बुटवलको प्रदर्शनीको पहिलो बिदाको दिन र बिहानैदेखि बढेको चिसोमा अवलोकनकर्तालाई राष्ट्रिय कलाकारहरु अर्जुन सापकोटा, पूर्णकला बिसी, रमेशराज भट्टराईलगायतका कलाकारले भरपूर मनोरञ्जन दिएको सांस्कृतिक उप-समितिका संयोजक लालप्रसाद बस्यालले जानकारी दिए। गेट टिकट उप-समितिका संयोजक राजु घिमिरेले शनिबार अहिलेसम्मकै धेरै अवलोकनकर्ताको भीड भएको बताए।

शनिबार भारतको उत्तर प्रदेशस्थित गिडा औद्योगिक क्षेत्रका उद्योगीहरु प्रदर्शनीको अवलोकनका लागि आएको प्रचार प्रसार संयोजक इं किरण खरेलले जानकारी दिए। रुपन्देही उद्योग संघले प्रदर्शनीको तयारीका क्रममा भारतमा पुगेर यसको अवलोकनका लागि आमन्त्रण गरेको थियो।

शनिबार प्रदर्शनी स्थलमा नेपाल पत्रकार महासंघ रुपन्देहीले राखेको फोटो प्रदर्शनीसहित स्वदेशी उद्योगहरुको प्रदर्शनी हेर्न प्रेस काउन्सिल नेपालमा अध्यक्ष डा. कुमार शर्मा आचार्य, सदस्य शान्तराम बिडारी, सह-प्रशासकीय अधिकृत रामशरण बोहोरा आएका थिए। स्वदेशी उत्पादनको प्रदर्शन र बजारीकरण गर्ने मुख्य उद्देश्यका साथ सञ्चालन हुने प्रदर्शनीमा ८ लाख दर्शकले अवलोलकन गर्ने र ३० करोडको आर्थिक कारोबार हुने लक्ष्य राखिएको महासचिव सुमन बस्यालले बताए।

प्रदर्शनीमा प्रविधिबारे जानकारी दिने, उद्योगी र उपभोक्ताहरूको सोझो सम्पर्कको स्थापना गर्ने, उत्पादित बस्तुहरूको बजार प्रवर्द्धन र गुणात्मक प्रतिस्पर्धाको विकास गर्ने, उद्योगीहरूका बिचमा समस्या, अवसर र चुनौतीबारे अन्तरक्रिया गर्ने, सूचना र प्रविधिको विकास, विस्तार र आदान-प्रदान गर्ने, पर्यटन क्षेत्रको विकास, सान्दर्भिक गोष्ठी, अन्तरक्रिया र कार्यशालाको आयोजना गर्ने, अवलोकनकर्ता र उपभोक्ताहरूको सुझावहरूको संकलन गरिने संघका अध्यक्ष कृष्ण पराजुलीले बताए।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com